सियारी गाउँपालिका
Siyari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प. सं. / Ref. No.: २०८२/०८३
च. नं. / Dispatch No.:

## स्थानीय शिक्षा योजना निर्माणका लागि प्रस्ताव (Proposal) आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८२/१०/१८)**

सियारी गाउँपालिकाको आगामी १० वर्षको लागि दीर्घकालिक शिक्षा योजना निर्माण गर्नु पर्ने भएको हुँदा शिक्षा तथा मानवस्रोत विकास केन्द्रवाट जारी भएको **"स्थानीय शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ परिमार्जित संस्करण २०८१"** को परिधि र ढाँचा भित्र रही योजना तर्जुमा गर्नुपर्ने भएकोले इच्छुक परामर्शदाता वा संस्थाहरूबाट रीतपूर्वकको प्रस्ताव आह्वान गरिन्छ।

**१. कार्यको विवरण:** सियारी गाउँपालिकाको शिक्षा योजना निर्माण।

**२. प्रस्ताव पेश गर्ने अन्तिम मिति:** सूचना प्रकाशित भएको मितिले १५औं दिन अर्थात २०८२/११/०४ गते कार्यालय समयभित्र।

**३. आवश्यक कागजातहरू:**

- संस्था दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि।
- स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र प्रतिलिपि।
- आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि।
- सियारी गाउँपालिकामा २०८२/८३मा सुचिकृत भएको हुनु पर्ने।
- संस्थाको प्रोफाइल (Profile) र समान कार्य गरेको अनुभव भए सो सम्बन्धी कागजातहरु।
- मुख्य परामर्शदाताहरूको संक्षिप्त जीवनवृत्ति (CV)।
- प्राविधिक र आर्थिक प्रस्ताव (सिलबन्दी)।

**४. बजेटको सीमा:** यस कार्यका लागि अधिकतम बजेट रु ५,००,०००/- **(अक्षरेपी पाँच लाख मात्र)** कर सहित तोकिएको छ।

**५. प्रस्ताव बुझाउने स्थान:** सियारी गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, रुपन्देही।

**६. अन्य सर्तहरू:**

रीत नपुगी आएका वा म्याद नाघि आएका प्रस्तावहरू उपर कुनै कारबाही गरिने छैन।

प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ।

२०८२/१०/१८
लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत